माछापुच्छ्रे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लाहाचोक, कास्की

mpgaupalika@gmail.com

प.सं. ०७५/०७६

च.नं.

गण्डकी प्रदेश, नेपाल

मितिः २०७५/११/१९

# शोक विज्ञप्ति

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का नेता तथा पूर्व उपप्रधानमन्त्री भरतमोहन अधिकारीको मिति २०७५ साल फाल्गुण १८ गते राती ९:३५बजे काठमाडौंस्थित ह्याम्स अस्पतालमा ८३ वर्षको उमेरमा भएको असामयिक निधनले हामी मर्माहत भएका छौ।

विक्रम् सम्बत् १९९३ बैशाख २२ गते महोत्तरीको भवरपुरा गाउँमा आमा पूर्णकुमारी अधिकारी तथा बुबा रामचन्द्र अधिकारीका सन्तानका रुपमा जन्मिनुभएका स्व. भरतमोहन अधिकारीले आफ्ना दाजु मनमोहन अधिकारीको अगुवाइमा विराटनगर जुट मिल्स क्षेत्रमा भएका राजनीतिक क्रियाकलापलाई सानै उमेरदेखि नजिकबाट देख्न जान्न पाएका कारण आफूलाई राजनीतिमा संलग्न गराउनुभएको थियो।

सबैसँग मिलेर काम गर्न सक्ने र प्राप्त जिम्मेवारीलाई कुशलताका साथ पूरा गर्ने क्षमताका राख्नुहुने स्व. भरतमोहन अधिकारीले राजकीय क्षेत्रमा निर्वाह गरेको भूमिका महत्वपूर्ण छ । ०४८, ०५१ र ०५६ सालको आमनिर्वाचनमा मोरङ-२ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित स्वर्गीय अधिकारी ०७० सालमा समानुपातिक प्रणालीबाट संविधानसभा सदस्य हुनुभएको थियो। २०५१ सालमा गठित पहिलो कम्युनिस्ट सरकारको सफल अर्थमन्त्रीका रुपमा 'आफ्नो गाउँ आफैं बनाऔं, जेष्ठ नागरिक सम्मान जस्ता लोकप्रिय कार्यक्रम अघि सारेर जनविश्वास हासिल गर्नमा उहाँले निर्वाह गरेको भूमिका जनस्तरमै स्थापित छ। ०४७ सालमा संविधान सुझाव आयोगको सदस्य रहनुभएका स्वर्गीय भरतमोहन अधिकारीले ०६३ मा अन्तरिम संविधान र ०७२ मा संविधानसभाबाट नेपालको संविधान निर्माणमा महत्वपूर्ण योगदान दिनुभएको थियो। स्वर्गीय अधिकारीले ०५१ र ०५५ सालमा अर्थमन्त्री, ०५३ सालमा निर्माण तथा यातायातमन्त्री तथा ०६१ र ०६७ सालमा उपप्रधानमन्त्री तथा अर्थमन्त्रीको जिम्मेवारी बहन गर्नुभएको थियो ।स्व. भरतमोहन अधिकारीले मुलुकको परिवर्तन र रुपान्तरणको अभियानमा पु-याउनुभएको योगदानको स्मरण गर्दै उहाँप्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, शोकको यस घडीमा शोक सन्तप्त परिवार र आफन्तजनहरुमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

०७८।११।१९

कर्ण बहादुर गुरुङ

अध्यक्ष

अध्यक्ष